कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्डः ७ | संख्याः ५ | मितिः २०८१/१०/३०

## भाग — २

### कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

# कलैया उपमहानगरपालिकाको प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन सम्बन्धि कार्यविधि, २०८१

**प्रस्तावनाः**

कलैया उपमहानगरपालिकाभित्र प्रारम्भिक बाल शिक्षा केन्द्र स्थापना, सञ्चालन र व्यवस्थापन गरी सञ्चालनमा एकरुपता ल्याई गुणात्मक सुधार गर्न वाञ्छनीय भएकोले कलैया उपमहानगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाई लागू गरेको छ ।

१ नगरकार्यपालिकामा प्रस्तुत मितिः २०८१/१०/२८ नगरकार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१०/२८ प्रमाणीकरण मितिः २०८१/१०/३०

## परिच्छेद-१ प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "कलैया उपमहानगरपालिका प्रारम्भिक बाल शिक्षा केन्द्र व्यवस्थापन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"शिक्षा नियमावली "** भन्नाले कलैया उपमहानगरपालिकाको शिक्षा नियमावली, २०७४ लाई सम्झनुपर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले कलैया उपमहानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनुपर्छ ।

(ग) **"उपमहानगरपालिका"** भन्नाले कलैया उपमहानगरपालिकालाई सम्झनुपर्छ ।

(घ) **"प्रमुख"** भन्नाले कलैया उपमहानगरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कलैया उपमहानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

(च) **"शाखा"** भन्नाले कलैया उपमहानगरपालिकाकिो शिक्षा यूवा तथा खेलकुद शाखालाई सम्झनु पर्छ ।

(छ) **"शाखा प्रमुख"** भन्नाले कलैया उपमहानगरपालिका शिक्षा यूवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

(ज) **"प्रारम्भिक बाल शिक्षा केन्द्र"** भन्नाले चार वर्ष उमेर पूरा गरेका बालबालिकालाई एक वर्षको शिक्षा दिने प्रयोजनका लागि स्थापित केन्द्र सम्झनुपर्छ ।

## परिच्छेद-२

## केन्द्र स्थापना सम्बन्धी व्यवस्था

**३. केन्द्र स्थापनाः** (१) कुनै व्यक्ति वा संस्थाले केन्द्र स्थापना गर्न चाहेमा अनुमतिको लागि सम्बन्धित वडा कार्यालयको सिफारिस सहित अनुसूची-१ बमोजिमको ढाँचामा माघ १ गतेदेखि फागुन मसान्तभित्रमा शिक्षा यूवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन पर्न आएमा त्यस्तो निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा निवेदक संस्थालाई केन्द्र स्थापना गर्न उपमहानगरपालिकाले तोकेको मापदण्ड, पूर्वाधार तथा प्रक्रिया बमोजिम अनुमति दिन मनासिब देखिएमा अनुसूची-२ बमोजिमको ढाँचामा चैत्र १५ गतेभित्र नगर शिक्षा समितिको निर्णयानुसार शाखाले अनुमति दिन सक्नेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख



कलैया, बारा

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस कार्यविधिमा तोकिएका आधारहरु वमोजिम संस्था सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति उपमहानगरपालिकाले जुनसुकै बखत रद्द गर्न सक्नेछ ।

(४) निवेदकले आफ्नो निवेदनमा देहायका कुरा खुलाएको हुनुपर्नेछः

(क) आफुले बालबालिकालाई उपलव्ध गराउन प्रस्ताव गरेको सेवा सुविधाहरु,

(ख) आफुले सञ्चालन गर्ने केन्द्रमा भर्ना हुन आउने बालबालिकाहरुको उमेर समूह,

(ग) अभिभावकहरुसँगको छलफल बैठक तथा निजहरुको अपेक्षा,

(घ) भवनभित्र र भवन बाहिर बालबालिकाहरुलाई उपलव्ध गराईने सुविधा तथा सिकाइ प्रकृया,

(ङ) ध्वनी प्रदुषण, छिमेकीहरुबाट हुन सक्ने प्रदुषण तथा अवरोध, फोहोरमैला व्यवस्थापन, ढल निकास प्रवन्ध आदि बारे व्यवस्थापकीय योजना र त्यसबाट प्रतिकूल प्रभाव नपर्ने सुनिश्चितता ।

**४. केन्द्र स्थापना गर्न चाहिने प्रारम्भिक पूर्वाधारः** (१) केन्द्र स्थापनां गर्नको लागि देहायका पूर्वाधार पूरा गरेको पर्नेछ ।

(क) फराकिलो, खुला, शान्त, सुरक्षित भवन र खेल मैदान,

(ख) विद्यार्थी संख्याको आधारमा खेल सामग्री,

(ग) बाल उद्यान,

(घ) सफा र स्वच्छ खानेपानी,

(ङ) खाजा खुवाउने व्यवस्था सहितको भान्छा घर,

(च) श्रव्य-दृष्य तथा अन्य सिकाइ सामाग्रीको पर्याप्तता,

(छ) सुरक्षाको उचित प्रबन्ध ।

(२) शिशु विकास केन्द्र संचालनका लागि घर वा जग्गा लिजमा लिएको भए कम्तीमा ५ वर्षका लागि भएको सम्झौतापत्र र संचालककै घरमा संचालन गरेको भए जग्गाको धनीपूर्जा समेत निवदेनसाथ संलग्न हुनुपर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुमति प्राप्त केन्द्रले यस कार्यविधिमा तोकिएका आधारहरु वमोजिम संस्था सञ्चालन नगरेमा त्यस्तो केन्द्रलाई दिएको अनुमति जुनसुकै बखत रद्ध गर्न सकिनेछ ।

**५. आवश्यक जनशक्तिः-** (१) केन्द्र स्थापना गर्नको लागि देहायका जनशक्ति व्यवस्था गरेको हुनु पर्नेछः

(क) प्रति कक्षा कम्तिमा एकजना तालिम प्राप्त सहजकर्ता,

(ख) बाल बालिकाको हेरचाह गर्न आवश्यक सुसारेहरु,

(ग) प्रति १५ जना बालबालिकाको स्याहार सुसार गर्न एकजना सुसारे वा आया,

(घ) आवश्यकता अनुसार अन्य कर्मचारी ।



बिनोद प्रसाद साह
नगर प्रमुख

६. **स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नुपर्नेः** केन्द्रमा पाठ्यक्रम विकास केन्द्र एवं नगरपालिकाबाट स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रयोग गर्नु पर्नेछ ।

७. **पारिश्रमिक सम्बन्धी व्यवस्थाः** केन्द्रमा कार्यरत शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई नेपाल सरकारले तोकेको न्यूनतम पारिश्रमिकमा नघट्ने गरी मासिक रुपमा भुक्तानी गर्नु पर्नेछ ।

८. **नियुक्तिपत्र दिनुपर्नेः** (१) केन्द्रमा कार्यरत सबै प्रकारका शिक्षक, प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीलाई अनिवार्य रुपमा नियुक्तिपत्र दिएर मात्र काममा लगाउनुपर्नेछ ।

(२) नियुक्ति पत्रमा कर्मचारीले पाउने सेवा सुविधा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ ।

## परिच्छेद-३

## केन्द्रको व्यवस्थापन समिति र शुल्क सम्बन्धी व्यवस्था

१०. **केन्द्रको व्यवस्थापन समितिः** (१) केन्द्रको संचालन, रेखदेख तथा व्यवस्थापन गर्न देहायबमोजिमको एक व्यवस्थापन समिति रहनेछ ।

(क) लगानीकर्ता मध्येबाट केन्द्रको सिफारिसमा उपमहानगरपालिकाद्वारा मनोनित – अध्यक्ष

(ख) सम्वन्धित लगानी कर्ताले मनोनित गरेको व्यक्ति –सदस्य

(ग) अभिभावकहरु मध्येबाट व्यवस्थापन समितिद्वारा मनोनित एकजना महिला सहित दुई जना –सदस्य

(घ) केन्द्रको प्रमुख –सदस्य सचिव

(२) केन्द्र सञ्चालन सम्वन्धमा आवश्यक स्रोत जुटाउने, भौतिक पूर्वाधार तयार गर्ने लगायतको जिम्मेवारी व्यवस्थापन समितिको हुनेछ ।

(३) व्यवस्थापन समितिको बैठक कम्तीमा दुई महिनामा एकपटक वस्नु पर्नेछ ।

(४) व्यवस्थापन समितिको बैठकमा उपमहानगरपालिकाका सम्बन्धित शिक्षा अधिकृतलाई पर्यवेक्षकका रुपमा आमन्त्रण गर्नु पर्नेछ ।

**११. धरौटी राख्नु पर्ने :** (१) केन्द्र खोल्ने अनुमति लिंदा सञ्चालनको सुरक्षण बापत देहायबमोजिमको रकम धरौटीको रूपमा मुद्धती खातामा राख्नु पर्नेछः

(क) प्रारम्भिक बाल शिक्षा केन्द्रको लागि एक लाख पचास हजार रूपैयाँ,

(२) मुद्धती खाताको संचालन शाखा प्रमुख र केन्द्रको प्रतिनिधिको संयुक्त दस्तखतबाट संचालन गर्नुपर्नेछ ।

(३) मुद्धती खाताको व्याज रकम केन्द्रंले खर्च गर्न पाउनेछ ।

१२. **दर्ता शुल्कः** केन्द्र दर्ता गर्दा देहायबमोजिमको शुल्क लाग्नेछः

(क) निवेदन शुल्क रु.एक हजार,

(ख) अनुमति शुल्क रु. पाँच हजार ।



विनोद प्रसाद साह
नगर प्रमुख

१३. **शुल्क सम्बन्धी व्यवस्थाः** (१) केन्द्रले शैक्षिक सत्र सुरु हुनुभन्दा एक महिना अगावै शुल्क प्रस्ताव गरी नगरपालिकामा पेस गर्नुपर्नेछ ।

(२) केन्द्रले नगरपालिकाले तोकेबमोजिमको शुल्क लिनुपर्नेछ ।

(३) केन्द्रले मासिक तथा वार्षिक रुपमा लिने शुल्क वृद्धि भएपछि दुई वर्षसम्म शुल्क वृद्धि गर्न पाइने छैन ।

१४. **विशेष व्यवस्थाः** (१) यो कार्यविधि लागू हुनुपूर्व उपमहानगरपालिकामा व्यवसाय दर्ता गरी संचालित मन्टेश्वरी/शिशु विकास केन्द्रले यो नियमावली लागू भएको तीन महिनाभित्र शैक्षिक संस्थाको रुपमा अनुमतिका लागि उपमहानगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) वमोजिम निवेदन परेमा पालिकाले आवश्यक छानविन गरी यो कार्यविधि जारी भएको छ महिनाभित्र प्रारम्भिक बाल शिक्षा केन्द्र उपयुक्तताका आधारमा अनुमति दिनसक्नेछ ।

(३) उपदफा (१) वमोजिम अनुमतिका लागि निवेदन नदिएमा वा उपदफा (२) वमोजिम अनुमति प्राप्त नगरेमा त्यस्ता केन्द्रहरु यो कार्यविधि लागू भएको छ महिनापछि स्वतः खारेज हुनेछन्।

## परिच्छेद–४

## विविध

१५. **प्रमाणपत्र जारी गर्न नपाउनेः** शिशु विकास केन्द्रले त्यस्ता केन्द्रमा अध्ययन पूरा गरेका बालबालिकालाई शैक्षिक प्रमाणपत्र जारी गर्न र विभिन्न उपाधि धारणका औपचारिक कार्यक्रम गर्न पाउनेछैन ।

१६. **सवारी साधनको प्रयोग गर्न नपाउनेः** (१) केन्द्रले बालबालिकालाई त्यस्तो केन्द्रसम्म ल्याउन र लैजान सामान्यतया सवारी साधनको प्रयोग गर्न पाउने छैनन्।

(२) उपदफा (१) वमोजिम बालबालिकालाई ल्याउन तथा लैजान सवारी साधन आवश्यक भएमा सवारी साधनको विवरणसहित नगरपालिकाको अनुमति लिनुपर्नेछ । अनुमति माग गर्दा चारपांग्रे सवारी साधानका लागि मात्र अनुमति माग गर्न पाइनेछ ।

(३) नगरपालिकाले अनुमति दिंदा सवारी साधन बालमैत्री भए नभएको यकिन गरेर मात्र अनुमति दिनेछ ।

(४) उपदफा (२) वमोजिम अनुमतिका लागि निवेदन पेस गर्दा सवारी साधन प्रयोग गर्ने बालबालिकाका अभिभावकको मञ्जुरी समेत निवेदन साथै पेस गर्नुपर्नेछ ।

१७. **प्रगति विवरण पेस गर्नुपर्नेः** केन्द्रले प्रत्येक आर्थिक वर्ष समाप्त भएको तीन महिनाभित्र निम्नलिखित कागजात सहित वार्षिक प्रगति विवरण शिक्षा यूवा तथा खेलकुद शाखामा पेस गर्नुपर्नेछ ।

क) लेखापरीक्षण प्रतिवेदन,



विनोद प्रसाद साह
नगर प्रमुख

ख) व्यवसाय नवीकरण प्रमाणपत्रको प्रतिलिपि,

ग) कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,

घ) विद्यार्थी विवरण ।

**१८. जरिवानाः** (१) यो कार्यविधि वमोजिम अनुमति नलिई केन्द्र संचालन गरेको पाइएमा पचास हजार रुपैयाँसम्म जरिवाना गरिनेछ ।

(२) केन्द्रले उपमहानगरपालिकाले तोकेको भन्दा वढी शुल्क लिएमा पच्चिस हजार रुपैया सम्म जरीवाना गरीनेछ।

**१९. पुनरावलोकनः** (१) कुनै संस्थालाई उपदफा १८ वमोजिम गरिएको जरिवाना उपर चित्त नबुझेमा उपमहानगरपालिका समक्ष पुनरावलोकन गर्न सकिनेछ ।

(२) उपदफा (१) वमोजिम परेको पुनरावलोकन उपर उपमहानगरपालिकाले आवश्यक छानविन गर्नेछ ।

**२०. लेखापरीक्षणः** (१) प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानूनवमोजिम आय–व्ययको लेखा राख्नुपर्नेछ ।

(२) प्रारम्भिक बाल शिक्षा केन्द्रले प्रचलित कानूनवमोजिम सूचीकृत लेखापरीक्षकवाट लेखापरीक्षण गराउनुपर्नेछ ।

**२१. केन्द्रको नामाकरणः** प्रारम्भिक बाल विकास केन्द्र तथा शिशु विकास केन्द्रको नामाकरण गर्दा राष्ट्रिय महत्त्वको भौगोलिक, धार्मिक वा ऐतिहासिक स्थल, राष्ट्रिय विभूति, राष्ट्रिय वा अन्तराष्ट्रिय व्यक्तित्वको नाम, शिक्षा क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको शिक्षाप्रेमी तथा संचालक संस्था आदिको नामबाट संचालन गर्ने गरी नामाकरण गर्नु पर्नेछ । केन्द्र दर्ता भई सकेको नाममा अर्को केन्द्र दर्ता हुन सक्नेछैन । साथै केन्द्रको विदेशी नामहरु राख्न पाइने छैन ।

**२३. केन्द्रको न्यूनतम मापदण्डः** उपदफा ४ को अतिरिक्त केन्द्रको न्यूनतम मापदण्ड देहायबमोजिम हुनुपर्नेछ :

(क) केन्द्र बालबालिकाको घरवाट यातायातको साधन १५–२० मिनेटको पहुँचमा हुनुपर्नेछ ।

(ख) कम्तीमा प्रति बालबालिकाको लागि २.०० वर्गमिटर क्षेत्रफलको कोठा र १० फिट उचाई, उज्यालो ढोका भएको ताला लगाउन मिल्ने कोठा हुनुपर्नेछ ।

(ग) कोठा बालबालिकाको स्वास्थ्य अनुकूल तापक्रम भएको हुनु पर्नेछ साथै केन्द्र संचालन गर्ने भवनको चारैतर्फ खुला र अन्य घर नजोडिएको शान्त, उज्यालो तथा दोहोरो हावा वहन गर्न सक्ने हुनु पर्नेछ । झ्यालमा ग्रिल राखेको हुनुपर्नेछ ।

(घ) कोठाको क्षेत्रफल बालबालिकाको लागि स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न तथा सुत्न पुग्ने हुनुका साथै भवनमा पर्याप्त पार्किङ सुविधा, स्थानीय मानिसहरुका लागि सहज तरिकाले आवत जावत गर्न मार्ग भएको हुनु पर्नेछ । प्रत्येक कक्षा कोठामा कम्तिमा ५ जनाको ५ वटा सानो



जिनोद प्रसाद साह
नगर प्रमुख

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

सानो समूह र २० देखि २५ जना बालबालिकाको ठुलो समूहलाई स्वतन्त्र रुपले बस्न, चल्न, खेल्न, नाच्न, घेरामा बसेर छलफल गर्न उपयुक्त ठाउँ रहेको हुनु पर्नेछ । कोठा सफा, सुरक्षित, आकर्षक र सजिलै हिंडडुल गर्न सकिने हुनुपर्नेछ । साथै केन्द्र भवन आसपासमा पेट्रोल पम्प, मुख्य सडक, बसपार्क, खुलामञ्च, वाचनालय, कलकारखाना तथा ट्राफिक जोखिम नभएको स्थलमा हुनुपर्नेछ।

(ङ) केन्द्र परिसर खुला इनार, पोखरी, भिर, खोला, फोहोर संकलन केन्द्र, बसपार्क, ध्वनि प्रदुषक उद्योग धन्दा, हवाइमैदानबाट ५०० मिटर बाहिर हुनका साथै भवनमा अग्नी नियन्त्रक उपकरण समेत हुनुपर्नेछ ।

(च) केन्द्र भुँइतलामा संचालन भएको हुनुपर्नेछ ।

(छ) भवनले ओगटेको जमिनको भागको कम्तिमा दुई तिहाइ खालि जमिन खेलमैदानको रुपमा हुनुपर्नेछ ।

(ज) बालबालिकाको उमेर सुहाउँदो शौचालय हुनुपर्नेछ । शौचालय बालवालिकाको संख्या अनुसार पर्याप्त हुनु पर्नेछ । शैचालयमा अनिवार्यतः साबुन, रुमाल, पानी, ट्वाइलेट पेपर, नियमित सफा सुग्घर गर्ने सरसामानहरु तथा नियमित सरसफाई गर्ने प्रबन्ध हुनुपर्नेछ ।

(झ) प्रत्येक कक्षा कोठामा उपयुक्त शैक्षिक सामाग्री, सिकाई सामग्री, पाठ्यपुस्तक (चित्र अंकित कम्तिमा ५० पुस्तक सहित अन्य पुस्तकहरु), बालबालिकाको व्यक्तिगत सामान छुट्टा छुट्टै राख्ने गरी ऱ्याकको प्रवन्ध गरेको हुनुपर्नेछ ।

(ञ) बालवालिकाले तयार पारेका क्रियाकलापहरु सबैले देख्ने गरी बालबालिकाको आँखाको लेवलमा भित्तामा टाँस्नु पर्नेछ । पाट्टीको साईज तथा झुण्डयाइने स्थान बालबालिकाको सहज पहुँचमा हुनुपर्नेछ ।

(ट) बालवालिकाको लागि आवश्यक खेल सामाग्री कक्षामा नै हुनुपर्नेछ ।

(ठ) बालबालिकालाई भूँइको चिसो र फोहोरले असर नपर्ने गरी बसाईको लागि गुन्द्री/नरम चकटी/फल्याक/कार्पेटको व्यवस्था गरिएको हुनुपर्नेछ ।

(ड) कार्यालय कोठा, कपडा फेर्ने कोठा, विरामी आराम कक्ष, प्राथमिक उपचार कक्ष, नुहाउने कोठा, कपडा धुने, भाँडा माझ्ने, खाना पकाउनेजस्ता भौतिक संरचनाहरु भवन भित्र अलग्गै हुनुपर्नेछ । हातहतियार, औषधी, किटनाशक औषधीहरु तथा बालबालिकाको लागि हानिकारक हुने संरचनाहरु उनिहरुको पहुँच नहुने गरी राख्नु पर्नेछ ।

(ढ) बालवालिकाहरु एक अर्कासम्म सहजै पुग्न मिल्ने र हिंडडुल गर्न मिल्ने गरी बस्ने, खेल्ने, सुत्नेव्यवस्था गरिएको हुनुपर्नेछ ।

(ण) सिकाइको माध्यम अभिनय, खेलकुद, मनोरञ्जन, सिर्जनात्मक क्रियाकलाप, स्वावलम्वन सिकाइ, विज्ञान सिकाई, तथा अभ्यासजनक आवश्यक सिकाई सामग्री प्रत्येक कक्षा कोठामा व्यवस्था गर्नुपर्नेछ ।

बिनोद प्रसाद साह
नगर प्रमुख



नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७३

(त) प्रत्येक बालबालिकाको लागि पुग्दो सफा र शुद्ध सुरक्षित पिउने पानी, सरसफाइको लागि पर्याप्त पानी; प्राथमिक उपचारको लागि आवश्यक औषधिहरु, स्वास्थ्य चौकीबाट उपलव्ध गराईने नियमित स्वास्थ्य सेवा सुनिश्चित गरिनु पर्दछ । खाजा तथा खाना उपलव्ध गराउने, बार अनुसारको स्वस्थ तथा स्वास्थ्यवर्धक खाना खाजाको विवरण (उमेर अनुसार) यकिन गरी अभिभावक समेतलाई उपलव्ध गराउनु पर्नेछ । समय समयमा खानाको गुंणस्तर परीक्षण गराउनु पर्नेछ ।

(थ) बालबालिकालाई सिकाई क्रियाकलापमा सक्रिय सहभागी गराउन वास्तविकता झल्काउने खालका पूतली, ब्लक, मान्छे, पशु, घर, चरा, स्वास्थ्य चौकी, केन्द्र, टाँक, तुना, चेन, तराजु, स्केल, माटो, बालुवा, काठका टुक्रा, कागजातका टुक्रा, फूल, भाँडा वर्तन, लुगाफाटा, बाजागाजा, सागसब्जी, फलफूल, माछा, भान्छाका सामानहरु, रबर बल, बाँसका टुक्राहरु, मकैको खोस्टाहरु, विभिन्न किसिमका बियाँहरु, नरिवलको खपडा, लप्सीका विया आदि खेलौनाहरुको नियमित प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(द) भर्ना पुस्तिका, दैनिक हाजिर पुस्तिका (कर्मचारी र बालबालिकाको लागि), बैठक पुस्तिका, स्वास्थ्य पुस्तिका, प्रत्येक बालबालिकाको लागि र प्रशिक्षक, सहजकर्ता तथा कर्मचारीहरुको लागि १/१ वटा व्यक्तिगत फाइल तथा पूर्व लेखन अभ्यास पुस्तिका हुनु पर्नेछ । अभिभावकहरुको लागि आगमन तथा सुझाव पुस्तिका, विशेष घटना रेकर्ड पुस्तिका, बालबालिकाको उचाई तथा तौल नापजाँच पुस्तिका तथा अभिभावक सम्पर्क विवरण पुस्तिका अलग अलग रहनु पर्नेछ ।

(ध) विद्यार्थी रेकर्ड, आम्दानी खर्च रेकर्ड, विद्यार्थी प्रगति अभिलेख तथा अन्य रेकर्डहरु व्यवस्थित रुपमा राख्ने प्रवन्ध गरिनु पर्नेछ ।

(न) प्रत्येक बालबालिकालाई समान रुपले माया र राम्रो व्यवहार गर्ने, आवश्यकता अनुसार सहयोग गर्न हरदम तत्पर रहने, प्रत्येक बालबालिकाको लागि सुरक्षित महसुस गराउन सक्ने, मायालु तवरले नम्र व्यवहार गर्ने रुचि भएका, बालबालिकाको स्वास्थ्य अवस्था, मनोविज्ञान, रुचि र आवश्यकता बुझ्न सक्ने बाल सक्रियतालाई बढुवा दिने, अभिभावकसँग अन्तरक्रिया गर्न रुचि राख्ने, सिकाइ सामाग्रीहरुको उचित प्रयोग गर्न सक्ने सीपमूलक, कथा, गीत, कविता भन्न तथा नृत्य गर्न जान्ने, नेपाली संस्कार, सँस्कृति, जात्रापर्व, चाडबाड बुझेको, बालबालिकाको शारीरिक, मानसिंक, संवेगात्मक विकासलाई सहयोगी बन्न सक्ने क्षमता भएको मृदुभाषी, पेसाप्रति आस्थावान, अनुशासित, सदाचारी, सच्चरित्र भएको न्यूनतम अनुभव र सीपलाई जनशक्तिको वान्छनीय योग्यता मानिनेछ ।

(प) केन्द्रको मासिक प्रगति प्रतिवेदन तोकिएको ढाँचामा तयार गरी प्रमाणीत गराई राख्ने प्रवन्ध हुनुपर्नेछ ।

विनोद प्रसाद साह
नगर प्रमुख

नगर कार्यपालिकाको कार्यालय
कलैया, बारा
मधेश प्रदेश, नेपाल
२०७३

(फ) फोहोरमैला तथा ढल व्यवस्थापनको तरिका फोहोरमैला व्यवस्थापन ऐन तथा नियम अनुसार कलैया उपमहानगरपालिकाले तोकेबमोजिमको हुनेछ । केन्द्र परिसरमा विपद्पर्दाको बखत समेत सुरक्षित हुने तरिकाले प्रवन्धित हुनुपर्नेछ ।

**२४. अनिवार्य दैनिक गर्नुपर्ने न्यूनतम क्रियाकलापः** केन्द्रले प्रत्येक दिन कम्तीमा निम्नलिखित क्रियाकलापहरु अनिवार्य गर्नु पर्नेछ :-

(क) बालबालिकालाई न्यानो स्वागत,

(ख) सरसफाई अवलोकन तथा सरसफाई,

(ग) व्यायाम,

(घ) प्रार्थना,

(ङ) दिसा पिसाव गराउने,

(च) घेरा समय,

(छ) हाजिरी,

(ज) गीत, कथा, अभिनय, सृजनात्मक चाल, बालबालिकाहरुको मौलिक क्रियाकलाप,

(झ) पुनरावलोकन/ठूलो समूहमा छलफल,

(ञ) पूर्व साक्षरता/पूर्व लेखन क्रियांकलाप,

(ट) सामूहिक स्वतन्त्र खेल, समूह खेल र स्वावलम्वन सीप विकास खेल, वाहिरी खेल

(ठ) खाजा तथा खाना समय,

(ड) पुस्तक तथा पाठ्यसामाग्रीको प्रयोग,

(ढ) आराम कक्ष,

(ण) मातापिता र गुरुप्रति आभारी हुने सिकाइ,

(त) विदाइ गीत लगायत ।

**२५. नक्सांकनका आधारमा मात्र केन्द्र खोल्न सकिनेः** उपमहानगरपालिकाभित्र खुलेका र भविष्यमा खुल्ने शिशु विकास केन्द्र तथा प्रारम्भिक बाल शिक्षा केन्द्रलाई नक्सांकनका आधारमा पुर्नवितरण गर्दा वा नयाँ खोल्दा नक्सांकनभित्र पर्नुपर्ने व्यवस्थालाइ अनिवार्य गरिनेछ ।

**२६. यस कार्यविधि वमोजिम हुनेः** यस कार्यविधिमा उल्लिखित कुराहरु यसै वमोजिम र अन्य कुराहरु प्रचलित नेपाल कानून वमोजिम हुनेछ ।

कलैया उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय कलैया, बारा मधेश प्रदेश, नेपाल २०७३

विनोद प्रसाद साह
नगर प्रमुख

## अनुसूची- १

### प्रारम्भिक बाल शिक्षा केन्द्र सञ्चालनका लागि दिइने निवेदन

श्री.........................

...............................

**विषयः प्रारम्भिक बाल शिक्षा केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाऊँ ।**

शैक्षिक सत्र.................देखि प्रारम्भिक बाल विकास केन्द्र/शिशु विकास केन्द्र सञ्चालन गर्न अनुमति पाउन अभिभावक तथा समुदाय र व्यवस्थापन समितिको मिति...................को निणर्यानुसार देहायका विवरण र कागजात संलग्न गरी यो निवेदन पेश गरेको छुरछौं ।

(क) प्रस्तावित केन्द्रको,-

(१) नाम :-

(२) ठेगाना :- नगरपालिका ................... वडा नं. ........................

गाउँ वा टोल.................... फोन नं.........

(३) सेवा पुऱ्याइने बालबालिकाको संख्या :-

(ख) सञ्चालनका लागि जिम्मेवारी लिने वा आबद्धता दिने केन्द्रको ;--

(१) नामः-................................. (२) ठेगानाः- .......................(३) फोन नंः-...........

(ग) प्रस्तावित केन्द्रको भौतिक पूर्वाधारहरू :-

(१) भवनः (अ) कोठा (आ) कच्ची वा पक्की

(इ) के ले बनेको (ई) भाडारआफ्नैरसार्वजनिक

(२) फर्निचरको विवरणः (अ) मेचः (आ) टेवुल : (इ) वेञ्चरडेस्कः

(३) खेलकुद मैदान र त्यसको क्षेत्रफलः (अ) आफ्नै (आ) भाडामा वा सार्वजनिक (इ) अन्य

(४) शौचालयको अवस्थाः (अ) संख्या (आ) कच्चीरपक्की (इ) पानीको व्यवस्था भए नभएको

(५) खानेपानीको अवस्थाः (अ) बोकेर ल्याउने (आ) धाराबाट प्राप्त (इ) पर्याप्त/अपर्याप्त

(६) पाठ्यसामग्रीको नाम र संख्याः (अ) (आ) (इ)

(७) आर्थिक विवरणः(अ) अचल सम्पत्ति (आ) चल सम्पत्ति (इ) अन्य

(८) आम्दानीको स्रोतको व्यवस्था कसरी मिलाइन्छः

(९) अन्य कुनै विवरण भए उल्लेख गर्नेः

माथि लेखिएको विवरण ठीक छ, झुट्टा ठहरे कानून बमोजिम सहुँलारबुझाउँला ।

निवेदकको

संस्थाको छाप सहीः नामः- ठेगाना :-

मितिः-

संलग्न कागजात :- (१) भवन खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण ।

(२) संस्थाबाट सञ्चालन गर्ने भएमा संस्था दर्ताको प्रमाणपत्रको प्रतिलिपि र नियमानुसारको नवीकरण र लेखापरीक्षण प्रतिवेदन ।

(३) आपसी सहयोग समूहबाट निवेदन गरिएको भए त्यस्तो समूहको बैठकको निणर्य ।

(४) कुनै केन्द्र सँग आवद्ध गरी सञ्चालन गर्न खोजिएको भए सो केन्द्रको सिफारिस ।



विनोद प्रसाद साह
नगर प्रमुख

## अनुसूची-२

## प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइने अनुमति

श्री:........................................

............................................

**विषय :- प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न दिइएको अनुमति ।**

तपाईले त्यस संस्थाले प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्ने सम्बन्धमा यस ............. नगर कार्यपालिकाको कार्यालयमा दिनु भएको निवेदन उपर कारबाही हुँदा शिक्षा नियमावली, ........ समेतको पूर्वाधार पूरा गरेको र यस नगर कार्यपालिकाको नक्साङ्कनमा परेकोले शैक्षिकसत्र.................देखि प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ ।

अनुमति प्रदान गर्ने अधिकारीको:-

कार्यालयको छाप सही:-

नाम :-

पद:-

मिति:-

आज्ञाले

नाथु साह

प्रमुख प्रशासकीय अधिकृत

बिनोद प्रसाद साह

नगर प्रमुख



CamScanner